**Pandemic EBT (P-EBT) in Pennsylvania:**

स्कूलका तर्फबाट प्रदान गरिने खानाबाट बन्चित नानीहरु र तिनका परिवारलाई सहयोग गर्ने यो नयाँ सौलियत बारे प्रश्न र उत्तर

अध्यावधिक : May 7, 2020

**प्र. १. पेन्डेमिक इ.बि.टि. भनेको के हो ?**

कोरोना भाइरसको प्रतिकूल असर प्रति परिवारलाई सहयोग गर्ने नियम अर्थात् नयाँ सहुलियतलाई पेन्डेमिक इ.बि.टि. भनिन्छ ।  यस सहुलियत मार्फत् त्यस्ता परिवारहरू, जसका नानीहरू स्कुलका तर्फबाट प्रदान गरिने निःशुल्क खानाका लागि योग्य छन् भने त्यस्ता परिवारका लागि प्रदान गरिन्छ । यस सहुलियतको रकम इलेक्ट्रोनिक बेनिफिट ट्रान्सफर इ.बि.टि. मार्फत प्राप्त हुने छ ।  सम्झनु होस् कि यो कार्ड डेबिट कार्ड जस्तै हो ।  यो सहुलियतको रकम केबल खाद्यान्न सामग्री किन्नका लागि मात्र चलाउन सकिन्छ । तपाईले सजिलैसँग जुनै पनि ( SNAP ) 'फोड स्टयाम्प' स्वीकार्ने पसलमा प्रयोग गर्न सक्नु हुने छ ।

**प्र. २. यसका लागि कस्ता वा कुन परिवारहरू योग्य हुने छन् ?**

कुनै पनि परिवार जसमा स्कुलबाट प्राप्त हुने निःशुल्क खानामा योग्य छन् । स्वतः ती प्रति परिवार यसका लागि योग्य हुने छन् ।

- ती विद्यार्थीहरू जो एकै स्कुलमा पढ्छन् । जहाँ नानीहरूलाई निःशुल्क खाना प्रदान गरिन्छ । जसमा परिवारको आम्दानीको स्रोत चाहिँदैन । यी स्कुलहरु त्यस्ता स्कुलहरू हुन् जुन सामुदायिक स्तरबाट सञ्चालित हुने गर्दछन् ।
- कुनै पनि विद्यार्थीको आप्रवासी अवस्था लागू हुँदैन ।  यो सहुलियत प्राप्त गर्ने विद्यार्थी वा परिवारका सदस्यहरू हाल वा भविष्यमा  कुनै पनि अवस्थामा उनीहरूको आप्रवास सम्बन्धी प्रक्रिया वा कागजातमा असर गर्ने छैन ।
- परिवारहरू जसले हाल सालै कोभिडका कारणले रोजगार गुमाएका छन् वा रोजगारको अवधि घटेर आम्दानी समेत घटेको छ । त्यस्ता परिवारका सदस्यहरूले विद्यालयको निःशुल्क खाना कार्यक्रममा दर्ता हुन सक्ने छन् र

त्यस पश्चात यस सहुलियत कार्यक्रममा निवेदन  दिन वा हाल्न सक्ने छन् ।
( थप जानकारीका लागि अर्को प्रश्न हेर्नु होस् )

**प्र.३. नियमित स्कुल वर्षमा मेरा नानीहरू निःशुल्क खानका लागि योग्य थिएनन् तर मेरो आम्दानी घटेको छ यस्तो अवस्था मैले निवेदन दिए भने के हुन्छ ?**

तपाईंहरूका नानीहरू पढ्ने स्कुलले तपाईहरूलाई कसरी निबेदन गर्ने भनेर सिकाउने छ ।  प्राय जसो स्कुलहरूमा एक पन्नाको फारम हुन्छ भने कतिपयमा कम्प्युटर मार्फत् पनि फारम भर्न सकिने व्यवस्था गरिएको हुन्छ वा तपाईले राष्ट्रिय स्कुल दिवा खाजा कार्यक्रम र सहायक पौष्टिक सहुलियत कार्यक्रम (SNAP) का लागि कम्प्युटरका माध्यमबाट COMPASS पेन्सिलभेनियाको अन लाइन निवेदन प्रणाली मार्फत दर्ता गर्न समेत सक्नु हुने छ  ।

स्कूल वर्ष २०१९ -२०२० का लागि दर कम गरिएको खाना र पेन्डेमिक इ.बि.टि.का लागि योग्य हुन आवश्यक आम्दानीको तालिका यस प्रकार छः

| परिवार आकार | बार्षिक आम्दामी | मासिक आम्दामी |
|---|---|---|
| १ | $23,107 | $1,926 |
| २ | $31,284 | $2,607 |
| ३ | $39,461 | $3,289 |
| ४ | $47,638 | $3,970 |
| ५ | $55,815 | $4,652 |
| ६ | $63,992 | $5,333 |
| ७ | $72,169 | $6,015 |
| ८ | $80,346 | $6,696 |
| ८ भन्दा माथि परिवार संख्या भए प्रत्येक थप बराबर यो रकम थप्नु होस् | $8,177 | $682 |

**प्र.४. मैले कति रकम प्राप्त गर्न सक्छु ?**

प्रत्येक योग्य परिवारले प्रति बालक दिनको $5.70 प्राप्त गर्ने छन् । दिनको सङ्ख्या भनेको नानीले छुटाएका प्रत्येक स्कुलका दिनहरू भनेर बुझ्नु पर्ने हुन्छ ।

यदि तपाईको नानीले स्कुल बन्द भएको दिनमा पनि निःशुल्क खाना प्राप्त गर्दै आएको थियो भने प्रति नानी $370.50 प्राप्त गर्ने छन् ।

यदि तपाईको नानी निःशुल्क खानाका लागि स्कुल बन्द भए पश्चात् मात्र योग्य भएको हो भने योग्य भएको मिति देखि यो नियम लागू हुने गरी बिदाका दिन बाहेक अन्य दिनहरू गन्ती गरी सहुलियत रकम प्राप्त गर्न सक्नु हुने छ ।

जस्तैः

- यदि तपाईको नानी अप्रिल देखि योग्य भएको भए अप्रिल १ देखि जुन १२ सम्मको रकम $302.10 प्राप्त गर्नु हुने छ ।
- यदि तपाईको नानी मे महिना देखि योग्य भएको भए मे १ देखि जुन १२ सम्मको रकम $176.70 प्राप्त गर्नु हुने छ ।

**प्र.५. मैले इ बिटि कार्ड कसरी प्राप्त गर्न सक्छु ?**

यदि हाल तपाईं (SNAP) अर्थात् फोड स्ट्याम्प गरिब वा विपन्न परिवारका लागि अस्थायी सहुलियत (TANF) आर्थिक सहुलियत पाइ रहनु भएको छ भने सोही कार्डमा प्रत्येक विद्यार्थीको सहुलियत रकम पठाइने छ भने यदि तपाईंको त्यस्तो कार्ड छैन भने हुलाक मार्फत् तपाईलाई एउटा कार्ड प्राप्त हुने छ । सो कार्डमा कार्डलाई कसरी प्रयोग गर्ने भन्ने निर्देशन समेत दिइएको हुने छ । यसका लागि स्कुलसँग तपाईंको वर्तमान ठेगाना हुन आवश्यक छ ।

**प्र.६. म यो इ.बि.टी. कार्ड कसरी प्राप्त गर्न सक्छु ?**

मे ६ तारिख देखि लागू हुने गरी १५ दिन भित्रमा पेन्सिल भेनिया मानव सेवा विभाग र शिक्षा विभागले पेन्डेमिक इ.बि.टि. पठाउने छन् । सहुलियत चरण चरण गरी वितरण गरिने छ । परिवारका सदस्यहरू जोसँग पहिले नै वितरण गरिएका यस्ता कार्ड छन् । ती परिवारलाई पहिलो चरणमा वितरण गरिने छ । दोस्रो चरणमा स्कुलमा दर्ता भइ

सकेका योग्य नानीका परिवारलाई पठाइने छ भने तेस्रो चरणमा दर्ता प्रक्रियामा रहेका नानीहरूका परिवारलाई वितरण गरिने छ ।

**प्र.७. यदि स्कुल वर्ष सुरु भए यता मैले बासस्थान परिवर्तन गरेको भए के गर्ने ?**

आफ्नो नानीको स्कुललाई तपाईंको परिवर्तित ठेगाना उपलब्ध गराउनु होस् किनकि तपाईलाई सोही ठेगानामा इ.बि.टि. कार्ड पठाइने छ । यदि तपाई DHS मार्फत् सहुलियत पाउँदै हुनु हुन्छ भने राज्य स्तरीय सेवा सेवा ग्राही केन्द्रको 1-877-395-8930 वा फिला डेल्फियाका लागि 215 560 7226 मा सम्पर्क गरी आफ्नो ठेगाना सच्याउनु होस् । स्मरण रहोस् यी नम्बरमा सम्पर्क गर्दा सधैँको भन्दा धेरै समय पर्खिनु पर्ने हुन सक्दछ । हामी तपाईहरूलाई धैर्य गर्नु हुन आग्रह समेत गर्दछौं ।

**प्र.८. के यस सहुलियतले मेरा अन्य सहुलियतलाई असर गर्दछ ?**

गर्दैन, कुनै पनि असर गर्दैन ।

**प्र.९. मेरो नानी त्यस्तै स्कुलमा पढ्छन् जहाँ सबै नानीहरूले निःशुल्क खाना प्राप्त गर्दछन् तर हामी आर्थिक रूपमा यो सहुलियत लिन चाहँदैनौँ ?**

त्यस्तो अवस्था भए पनि नियम अनुसार तपाईंको परिवारलाई सहुलियत भने प्राप्त हुने छ र प्राप्त सहुलियतलाई परिवारले प्रयोग गर्न सक्नु हुने छ । देशको अर्थतन्त्र नाजुक हुन सक्छ । तपाईंले यो कार्ड अहिले राखेर भविष्यमा समेत प्रयोग गर्न सक्नु हुने छ । यो कार्ड वितरण भएको ६ महिनापछि प्रयोग नगरिएका कार्डबाट स्वतः रकम फिर्ता हुने छ ।

यो रकम अन्य प्रयोजनका लागि साट्न वा सार्न पाइने छैन । अर्काका लागि समेत खाना खरिद गरी दिन पाइने छैन । यो रकमबाट तपाईले आफ्ना नानीहरूका लागि खानेकुरा खरिद गर्न सक्नु हुने छ र बचत भएको रकम कुनै परोपकारी संस्थालाई दानको रूपमा प्रदान गर्न सक्नु हुने छ ।